
## CECOLIN® खोप कसरी प्रदान गरिन्छ?

CECOLIN® किशोरकोशोरी र वयस्कहरुलाई लक्षित हातको मांसपेशीमा दिईने यक प्रकारको खोप हो। बेलैमा लगाए यो खोपले शरीरमा प्रतिरक्षात्मक शक्ति निर्माण गराएर, HPV द्वारा हुने क्यान्सरहरुबाट जोगाउन सक्छ। यो खोप ९-१४ उमेर समुहकाले २ डोज र १४ वर्ष भन्दा माथिका मानिसहरुले ३ डोज लगाउनु पर्ने हुन्छ।

तल सिफारिस गरिएको तालिका वा स्वास्थकर्मिको सुझाव अनुसार यस खोपको प्रयोग गरिन्छ।




## गर्भावस्था, स्तनपान र प्रजननको समयमा CECOLIN® को प्रयोग

यदि तपाँई गर्भवती हुनुहुन्छ, स्तनपान गराउँदै हुनुहुन्छ वा बच्चा जन्माउने योजनामा हुनुहुन्छ भने, यो खोप लिनु अघि चिकित्सकसँग परामर्श गर्न जरुरी छ। यो खोप हाल स्तनपान गराई रहेका महिलाहरुलाई दिन सुरक्षितनै मानिन्छ।

## सावधानी र सतर्कता, खोप पछिका केही सामान्य प्रतिकूल असरहरु (AEFIs)

आफु र आफ्नो सन्तानलाई यो खोप लगाउनु अघि निम्न विषयहरुमा चिकित्सक, औषधि-बिक्रेता वा स्वास्थ-सहयोगीसँग परामर्श गर्न जरुरी छ।

- रक्तस्राव विकार (एक रोग जसले तपाईंलाई सामान्य भन्दा बढी रक्तस्राव गराउँछ), उदाहरणका लागि हेमोफिलिया (hemophilia)
- कमजोर प्रतिरक्षा प्रणाली, उदाहरणका लागि आनुवंशिक दोष, एचआईभी संक्रमण वा प्रतिरक्षा प्रणालीलाई असर गर्ने औषधिहरु ।

Supported by

nantech INVESTMENTS

Nantech Investments Co., Ltd.
Fukuoka, JAPAN 839-0862
nantech.co.jp
info@nantech.co.jp

Manufactured by

INNOVAX Innovation for Life

Xiamen INNOVAX Biotech Co., Ltd.
Xiamen, Fujian, China 361022
www.innovax.cn
sae@innovax.cn

CECOLIN® सुरक्षित र प्रभावकारी छ।

**आजै खोप लगाई पाठेघरको मुखको क्यान्सरबाट सुरक्षित हुनुहोस् ।**

बेलायत, क्यानडा, संयुक्त राज्य अमेरिका र अष्ट्रेलियामा ९०% भन्दा बढी केटीहरुले HPV खोप प्राप्त गरिसकेका छन्।
आफू र आफ्ना प्रियजनहरुलाई जोगाउन अब ढिलो नगर्नुहोस्।

Affiliated Partners of CECOLIN® for Nepal

NANDA CHEM DRUG DISTRIBUTORS PVT. LTD.
www.nandachem.com.np

©Copyright 2022. This leaflet has been produced by Nanda Chem.
All rights reserved. All images are copyright to their respective owners.

# Cecolin®

**Recombinant Human Papillomavirus Bivalent (Types 16/18) Vaccine**
*(Escherichia Coli.)*



**पाठेघरको मुखको क्यान्सरको रोकथाम: सम्भव छ**

# CECOLIN®
# नै किन ?

## CECOLIN® के हो र यो के का लागी प्रयोग गरिन्छ ?

CECOLIN® Human Papillomavirus (HPV) अन्तर्गतको प्रकार १६ र १८ बाट हुने रोगहरूलाई रोकथाम गर्न लगाईने एक प्रकारको खोप हो।

HPV ले महिला र पुरुषको जनाङ्गहरु (योनि, भल्भा, पाठेघर, लिगं) र मल्दवारको क्यान्सर निम्त्याउन सक्छ। ७०% पाठेघरको क्यान्सर र ७५-८०% गुदाको क्यान्सर HPV १६ र १८ प्रकारहरुबाट हुने गर्दछ। साथै ७०% भल्भा र योनीमा हुने पुर्व-क्यान्सरजन्य घाउहरु र ७५% मलद्वारमा हुने पुर्व-क्यान्सर जन्य घाउहरुको कारक पनि यहि समुहका भाइरस रहेका छन्।

CECOLIN® खोपको प्रयोगबाट यसले जोगाउने रोगहरु निम्त्याउन सक्दैन ।

CECOLIN® ले विशेष-प्रकारको एन्टिबडीहरु उत्पादन गरी किशोर र वयस्क महिला-पुरुषहरुलाई HPV १६ र १८ बाट हुने रोगहरुबाट जोगाउने गर्छ। यसैगरी, CECOLIN® को HPV १६ र १८ बाट हुने पुर्व-क्यान्सर जन्य घाउहरुसँगको सुरक्षा दर १००% रहेको पुस्टि भएको छ। (95% Confidence Interval [55=7, 100]).

CECOLIN® खोप आधिकारिक मार्ग निर्देशन अनुसार प्रयोग गर्नुपर्छ ।

## HPV र पाठेघरको मुखको क्यान्सर बारे थाहा हुनुपर्ने अति आवश्यक जानकारीहरु


पुरुष र महिला दुवै HPV भाइरसबाट संक्रमित हुन सक्छन् । ये भाइरस मुलत: छाला - देखि - छालाको सम्पर्कबाट र विशेष गरी यौन क्रियाकलापको समयमा (यौन सम्बन्ध आवश्यक छैन) एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ ।

यद्यपि, अहिले १०० भन्दा बढी प्रकारका HPV छन्, यी मध्ये थोरै संख्याले मात्र HPV-सम्बन्धित क्यान्सरहरू निम्त्याउँछ, जुन कुरा बिभिन्न अध्ययनहरुद्वारा पुष्टि भएको छ। यी भाइरसहरु मुख र घाँटी, योनी, भल्भा, पाठेघर, लिंग र मलद्वारको सतहका कोशिकाहरुमा पुग्छ जहाँ यिनीहरु वर्षैसम्म निक्कृय रुपमा बस्ने गर्दछन्।

यसैगरी शरीरमा पसेपछि आउँदो दिनहरुमा, बिना कारण यस समुहका भाइरसले वरिपरिका कोशिकाहरुमा आक्रमण गर्न सक्छ जसकारण क्यान्सर हुने सम्भावना बढेर जान्छ।

HPV अन्तर्गत सबैभन्दा धेरै देखिने क्यान्सर भने महिलाहरूमा पाठेघरको क्यान्सर हो। अहिलेसम्मको तथ्याङ्क अनुसार HPV बाट संक्रमित हुने ९९% महिलाहरुमा यो भाइरस सकृय रुपमा बसेको देखिन्छ। यसैगरी, हालैका अध्ययनहरुले HPV संक्रमण र शरीरका विभिन्न अंग जस्तै भल्भा, योनि, लिंग, गुदा, मुख र घाटीमा हुने क्यान्सरहरुसँग सम्बन्ध देखाउँछ।

पाठेघरको क्यान्सरले धेरै जस्तो असर पाठेघरको मुखलाई गर्छ (रेखाचित्र हेर्नुहोस) । हाल १३ प्रकारका HPV छन् जस्ले पाठेघरको क्यान्सर निम्त्याउन सक्छ। यसमा पनि १० मध्ये ७ महिलामा भने HPV बाट हुने पाठेघरको क्यान्सरको कारक दुई प्रकारका रहेका छन् - HPV १६ र १८।






सुरक्षित रहन
मात्र 3 डोज

## CECOLIN® कतिको सुरक्षित छ?

CECOLIN® खोप धेरै देशहरुमा प्रयोग गरिन्छ र यो विश्वभरि एउटा सुरक्षित र भरपर्दो खोपको रुपमा स्थापित हुन सफल भएको छ। अहिलेसम्म यस खोपको विश्वमा ३ करोड भन्दा बढी मात्रामा प्रयोग भईसकेको छ।

CECOLIN® विश्व स्वास्थ्य संगठनद्वारा एउटा मान्यता प्राप्त गरेको खोप हो र विश्वव्यापी खोप सम्बन्धित कार्यक्रमहरुको लागि UNICEF, GAVI, Bill & Melinda Gates Foundation, PATH, CHAI आदि द्वारा प्रयोग गरिएको छ । विभिन्न अन्तर्राष्ट्रिय निकायहरुले HPV खोपहरुको कुनै दिर्घकालीन असर नरहेको र यो सुरक्षित रहेको निरन्तर पुष्टि गरेका छन्। ।

CECOLIN® नेपाल सरकारद्वारा स्वीकृत प्राप्त गरेको खोप हो र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा HPV बिरुद्दको खोप कार्यक्रममा समाबेस छ । कुनै पनि अन्य खोपहरु जस्तै, केहि मानिसहरुलाई खोप लगाएको छोटो अवधिमा नै एलर्जी या अन्य कुनै असर हुन सक्छ (तल हेर्नुहोस) । खोप प्रदायकहरु यस प्रकारका एलर्जी असरहरु व्यवस्थापन गर्न तयार रहेका छन् ।

| धेरै सामान्य (≥१०%) | सामान्य (१-१०%) |
|---|---|
| दखाइ, ज्वरो | सुन्निने, चिलाउने, थकान, टाउको दखुने, खोकी, मायल्जिया, पखाला, वाकवाकी, अतिसवंदेनशीलता |